## डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।

डढेलोले,

- वन मात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदुषण बढाउँछ,
- भू-क्षय बढाउँछ,
- पानीको मूल सुकाउछ,

त्यसैले

वन पैदावरको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔ ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी),नेपाल

## सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- आफ्नो घर वरिपरी झाँडी नराखौं र सधै वातावरण सफा राखौ ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी),नेपाल

## रक्तदान गरौं, जीवन बचाऔं।

- तपाईं हामीले दिएको एक युनिट रगतले ३ जना सम्मको ज्यान बच्न सक्दछ,
- हरेक स्वस्थ व्यक्तिले ३-३ महिनामा रक्तदान गर्न मिल्दछ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात जीवन दान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं,
- आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं ।

लुम्विनी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

राप्ती उपत्यका (देउखरी),नेपाल

## लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगु रोगबाट बच्ने सर्वोत्तम उपायः

- पूरा शरीर ढाकिने गरी कपडा लगाउने ।
- सुतेको समयमा लामखुट्टेको टोकाईबाट बच्न अनिवार्य झुलको प्रयोग गर्ने ।
- घर वरपर वा खेतबारीमा काम गर्दा लामखुट्टेको टोकाइबाट बच्ने ।
- झ्याल र ढोकामा जाली लगाई बन्द राख्ने ।
- लामखुट्टे उत्पन्न हुन नदिन घर वरपर सफा राख्नुका साथै पानी जम्न नदिने ।
- अचानक ज्वरो आए, नजिकैको स्वास्थ्य चौकीमा सम्पर्क गरि उपचार गर्ने ।

लुम्विनी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

राप्ती उपत्यका (देउखुरी),नेपाल

**लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं।**

- लोकतन्त्रको संरक्षण र प्रवर्धन गर्न हातेमालो गरौं ।
- राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खवरदारी गरौं ।
- कानूनी शासन सुनिश्चित गरौं ।
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं ।
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य पालना गरौं ।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढिकरणमा योगदान गरौं ।

लुम्विनी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

राप्ती उपत्यका (देउखुरी),नेपाल

## सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने फेसबुक,ट्विटर,ईन्स्टाग्राम लगायतका सामाजिक संजालको एकाउन्ट प्रयोग पश्चात लगआउट गरौं,
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ,
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं,
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं,
- सामाजिक सञ्जालमै चिनेको भरमा वोलाएको ठाउँमा भेट्न नजाउँ,
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं,
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौ,
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं,
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौ र रेकर्डको लागि सुरक्षित राखौं,
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

लुम्विनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी),नेपाल

- श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं ।
- व्यक्तिगत स्वतन्त्रता र मानव अधिकारको सम्मान गरौं ।
- सलाई, लाईटरजस्ता प्रज्वलनशिल वस्तु बालबालिकाले भेट्ने ठाँउमा नराखौं ।
- हावाहुरी चलेको बखत भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं ।

लुम्विनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी),नेपाल